ITEEN FORUM

Institute for Theological Education by Extension in Nepal

# आइटीन चौतारी

घर घरै बाइबल कलेज | वर्ष १५, अङ्क २२, | वैशाख २०७४ | April 2017 | Bible College at Home

# धरानमा दीक्षान्त समारोह सम्पन्न




धरान- पूर्वाञ्चलको सुन्दर शहर धरानमा आइटीन पाठ्यक्रम अध्ययनरत पास्टर अगुवा तथा विद्यार्थीहरूको लागि चैत्र ८ गते मंगलबारका दिन एलोहिम चर्च धरानमा दीक्षान्त समारोह भव्यरूपमा सम्पन्न भएको छ। दीक्षान्त समारोहमा ७५ जना विद्यार्थीहरुले "एन इन्ट्रोडक्सन टु बिब्लिकल स्टडीज" को प्रमाणपत्र प्राप्त गर्नुभएको छ। यसपटकको दीक्षान्त समारोमा एलोहिम चर्च धरान, धरान ब्रद्रेन एसेम्बली, चर्च अफ गड धरान र सियोन मेथोडिस्ट चर्च धरानबाट गरी ७५ जना पास्टर अगुवा तथा विद्यार्थीहरूले प्रमाणपत्र पाउनुभएको हो। भरपूर जीवन, भरपूर ज्योति र ख्रीष्टको जीवनी १ पुरा गरेका ७५ जना विद्यार्थीहरूलाई **एन इन्ट्रोडक्सन टु बिब्लिकल स्टडीज**को प्रमाणपत्र धरान इसाई समाजका अध्यक्ष कमल ह्यूज, धरान ख्रीष्टियन समाजका अध्यक्ष पास्टर सूर्य तामाङ र धरान इसाई संघका अध्यक्ष पास्टर मनी राईको हातबाट प्रमाण पत्र र उपहार

क्रमश...पेज नं. ६

## मण्डलीमा आर्थिक सहायता गर्न सकें

अध्ययनबाट पाप क्षमाको बारेमा राम्रोसँग बुझ्ने मौका पाएँ। यसको साथै दशाशको विषयमा पनि राम्रोसँग बुझ्न पाएँ। परिवारलाई राम्रोसँग हेरविचार गर्ने कुरामा प्रेरणा पाएँ। पाठ १५ मा स्थानिय मण्डलीको सदस्यताको विषय अनुसार अध्ययन अनुसार संगति जाने, मण्डलीको निम्ति प्रार्थना गर्ने आर्थिक भौतिक सहायता गर्ने र सेवाको काम गर्ने सम्बन्धमा व्यवहारमा लगाउन सकें। आर्थिक सहायता गर्ने सम्बन्धमा भेटीद्वारा सहायता गर्ने कुरा सिकेर व्यवहारमा पनि लगाउँदैछु।

- सर्मिला डंगोल, क्वाइनोनिया चर्च, काठमाडौं।



धादिङ- वृचेत निवासी ६० वर्षिय खरीबहादुर तामाङ घर अगाडि बारी जोत्दै गरेको दृष्य। स्थानिय वृचेत चर्चका एल्डर खरीबहादुर गाउँमा सबैभन्दा पहिले विश्वास गरेका एक अगुवा हुन्। २०६२ सालमा आइटीन पाठ्यक्रमहरू पढ्न सुरू गरेका थिए। साधारण लेखपढ गर्न सक्ने भएपनि ख्रीष्टको जीवनी पुरा गरि सकेपछि बाइबलको गहिरो ज्ञान हासिल गरेका छन्।

## मेरो जीवनमा परिवर्तन आएको छ



आइटीनले गर्दा मेरो जीवनमा धेरै परिवर्तन आएको छ। आइटीन पढ्नुभन्दा पहिले विश्वास गरेको ५ वर्ष भइसक्दा पनि सेवा संगति र विश्वासको बारेमा राम्रोसँग बुझेकि थिइन्। घरेलु संगतिमा पनि जादैनथें, दशांस भेटी, अगौटेफल दिन्नथें, धेरै मानिसको बीचमा कसैले जयमसी भन्छकि भनि मलाई डर लाग्थ्यो। अरूले आशिष् बाँडेको सुन्दा कसरी बाँडिहोला भनि विचार गर्थे। म नाम मात्रैको ख्रीष्टियन रहेछु भनि अहिले बल्ल बुझें। चर्चमा आइटीन अध्ययन हुँदैगर्दा मैले पनि अध्ययन गर्ने मौका पाएँ। अध्ययन गर्दै जाँदा वचनमा विश्वास बढ्दै थाल्यो। येशू ख्रीष्टले गरेको कामको बारेमा विश्वास पनि बढ्यो। घरेलु संगतिमा जान थालें। दिने कुरामा नठगेर दिन थालें। मैले अहिले आशिष् पनि बाँड्छु, येशूको बारेमा सिकेका कुरा अरूलाई पनि सिकाउन थालें। अहिले म घरेलु संगति, दिदीवहिनी संगति, आराधना संगति गर्ने मौका पाएकि छु ।

-अस्मिता सुनार, नेवारे ख्रीष्टिय मण्डली, सुर्खेत।

## बोलि, विचारमा परिवर्तन भयो



मेरो नाम गीता के. सी. हो चिसापानी ५- सुर्खेतबाट म भर्खरै पाँच महिना पार गरि छैटौ महिनामा पाइला टेकेको नयाँ विश्वासी हुँ तापनि परमेश्वरको अनुग्रहले आज मलाई विश्वास र ग्रहण गरे लगतै आइटीन पाठ्यक्रम पढ्ने सुअवसुर पाएँ। अध्ययनले मेरो सम्पूर्ण जीवनमा नयाँ परिवर्तन आएको आभाष पाएकी छु। मेरो जीवनमा शैतानिक शक्तिले मरणासन्न अवस्थामा, धेरै लामो समय विछ्याउनामा परेकि थिएँ। धेरै औषधीमुलो गरें तापनि निको भएन यस्तै क्रममा मैले ६ वर्ष कष्ट भोगें।

वि सं २०७२ साल पुष ६ गतेका दिन परमेश्वले मलाइ आफ्नो सन्तान बनाउनुभयो र म ख्रीष्टियान जीवन जीउन थालेकी छु। मैले अध्ययन गर्दै गरेको आइटीन पाठ्यक्रमले मेरो जीवनमा साँच्चिकै चमत्कार ल्याएको छ। मेरो मन, तन अनि सोंचमा नयाँ आयम थपिदिएको छ। जसले गर्दा अहिले म चङ्गाइ भइ स्वस्थ र पवित्र जीवन जीउँदैछु। आइटीन यस्तो औषधी रहेछ कि जसले सम्पूर्ण जीवन नै बदलिदिनेरहेछ।

मेरो बोली, विचार र व्यवहार आकाशपातलको अन्तर पारिदिएको छ। मेरो व्यवहारले गर्दा म मेरा अरु ख्रीष्टियान सदस्यहरुलाई आइटीन अध्ययन गर्ने सल्लाह सुझाव दिने गर्दछु। मैले साँच्चि कै परमेश्वरको नजिकतामा रही पश्चतापी जीवन जीउँने अठोट गरेकी छु। प्रभु येशूको महिमा भएको होस् यसरी नै मजस्ता अरु नयाँ र अल्प विश्वासीले साँचो र उद्धारमुक्तिको परमेश्वरलाई चिन्न सक्नु भएको होस् ।

## न्यु मिसनरी बाइबल स्कुलको दीक्षान्त समारोह



काठमाडौं- १४ असोज २०७३, न्यू मिशनरी बाइबल स्कुलको ९ औं दीक्षान्त समारोह भव्यरुपमा सम्पन्न भएको छ। समारोहमा सभाध्यक्ष तथा बाइबल स्कूलका प्रिन्सीपल रेभ पास्टर तेज रोक्काको सभापतित्वमा दीक्षान्त समारोहका प्रमुख अतिथिको हातबाट न्यु मिशनरी बाइबल स्कुलको प्रमाणपत्र २० दीक्षित विद्यार्थीहरूलाई वितरण गरिएको थियो। सोहि अवधिमा आइटीन पाठ्यक्रमहरू भरपूर जीवन, भरपूर ज्योति र ख्रीष्टको जीवनी -१ पनि पुरा गरेका विद्यार्थीहरूलाई आइटीनबाट प्राप्त **"एन इन्ट्रोडक्सन टु बिब्लिकल स्टडीज"**को प्रमाणपत्र र उपहार सर्जु रिजालको हातबाट वितरण गरिएको थियो। त्यसैगरी एक वर्षको अवधिमा आइटीन पाठ्यक्रम सिकाउनुहुने शिक्षक पास्टर डेभिड आचार्यलाई आइटीनबाट प्राप्त प्रशंसा-पत्र र उपहार समारोहका सभापति तथा प्रिन्सीपल पास्टर तेज रोकाको हातबाट वितरण गरिएको थियो।



नव जागृति नेपाली चर्च अबुधावीमा पास्टर विएम राईले भरपूर जीवन पूरा गरेकाहरूलाई प्रमाणपत्र वितरण गर्दै ।

## आर्थिक सहयोगको लागि हार्दिक धन्यवाद!

सन् २०१६ अप्रिलदेखि २०१७ फेब्रुअरीसम्म आइटीनलाई आर्थिकरुपमा आशिष्को थैली मार्फत, मासिक र एकमुष्ठ भेटी दिएर प्रभुको काममा सहयोग गर्ने सम्पूर्ण प्रभुका निम्न जनहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं।

**Kathmandu:** Ram Krishna Ale Magar, Dharma Maharjan, Puja Shakya, Amar Rokaya, Raj Kumar Maharjan, Man Devi Maharjan, Ganesh Man Maharjan, Durga Khanal Maharjan, Babita Thakuri, Shanti Tamang, Nisha Rai, Seema Gurung, Chakra Bahadur Rai, Rina Bhitrakoti, Sunil Kumar Sunuwar. Ramila Nagarkoti, Sushma Lama Tamang, Maili Lama, Rita Rai, Sarita Sunuwar, Ram Krishna Ale Magar, Deumaya Limbu, Shovika Khadka, Mira Lama, Ani Lama, Nirmala Thapa, Nirmala Dhungel, Purna Lama, Yogmaya Gurung, Santu Tamang, Sanu Kanchi Bomjan, Sukmaya Tamang, Sabita Pokharel, Manju Lama, Manju Shrestha, Laxmi Baral, Hira Tamang, Sarita Dahal, Jamuna Ghimire, Khadka Kumari, Bhuwan Devi Pun. Karuna Tamang, Raju Amatya, Manju Shyangdan, Sumitra Karki, Prashan Maya Tamang, Purna Kumari Pudasaini, Preeti Lama Dhungel, Sumitra Karki, Sangita Gurung, Maiya KC, Dil Kumari Thapa, Nabina Limbu, Amrita Karthak, Kumari Sunar, Preeti Waiba, Jeshika Tamang, Bishnu KC, Rama Ale, Shreejana, Amrita Napit, Shanta Oli, Mina Maharjan, Chanda Mukhiya, Gayatri Mukhiya, Sabitri Rai, Bishnu Giri, Bishnu Maya Tamang, Shrijana Giri, Rama Maharjan, *Maina Shrestha,* Gita Sunuwar, Muna Lepcha, Devi Dangal, Maina Shrestha, Pushpa Sunuwar, Ram Kumar Tamang, Chitra Kumari Rai, Gita Thapa, Sudha Chettri, Radhika Maharjan, Tara Nagarkoti, Anju Lama, Chandra Kumari Rai, Pabitra Lama, Ratnadevi Duela, Jangbu Sherpa, Sonika Thapa, Phulmaya Tamang, Kabita Sherpa, Sakun Duela, Yogmaya Thapa, Indira Karki, Nanichori, Nirmaya Shretha, Kripa Bhujel, Bishnu Maya Gurung, Anita Lama, Manju BK, Soma Duela Tamang, Jyoti Maharjan, Indira Maharjan, Anita Shahi, Priya Shahi, Yubika Shreshta, Christian Lambart. Shyam Krishna Nepali, Ramita Deula, Amika Magar Deula, Asha Kaji Deula**,** Madan Shahi, Kamal Tara, Rupa Kapali, Gyan Koirala, Pabitra Dulal, Durga Shahi, Maha Laxmi Maharjan, Mina Shahi, Chandra Laxmi Maharjan, Nani Hira Maharjan, Mandira Shrestha, Kancha Purkuti, Kalendra Ramtel, Shyam Ramtel, Luk Bahadur Ale, Asha Kaji Deula, , Roshani Pariyar, Kamala Gurung, Kul Bahadur Dhungel, Manju Kafle, Nanu Maharjan, Tirsana, Laxmi Batuwal, Jeni Kuwar, Merini Magar, Laxmi Bhandari Sundas, Nabina Limbu: Resika Tamang, Ganga Tamang, Kopila Kadel, Maya Gurung, Puja Tamang, Sarita Mushar, Samjhana Purkuti, Bindhiya Sunuwar, Asha Chaudary, Kamala Khadka, Sabina Lamichanne , Shanti Tamang, Sabina Gurung, Lila Devi Tamang, Gopal Tamang, Sabitri Shrestha, Budha Laxmi Maharjan, Binimaya Tamang Rai, Krishna Kumar Tamang, Gilbert Michaud, Dil Bahadur Kumar Gajmer, Sanju Syangtan, Kul Bahadur Dungel, Sujan Kuwar Poudel, Kanchan Gurung, Nirmala Pun, Rita Dutraj, Kumari Senchuri, Sarada Poudel, Santosh Budha Thoki, Anju Shahi, Anila Lama, Sunita Lama, Asmita Jain, Gomal Baral, Roshani Singh, Indra Maya Baniya, Manju Lama, Anju Rai, Subi Tamang, Sabitri Tamang, Jonatha Giri, Hari Maya Lama, Dhan Bahadur Shrestha, Bal Krishna Ghale, Raj Kumar Khatri, Chitra Bahadur Pradhan, Hira Devi Munikar, Yoseph Bal, Fhurba Dorje Sherpa, Gad Thapa, Namrata Rai, Sarita Tamang, Jit Bahadur Rai: Chandra Bahadur Rumba, Prem Bahadur Lungeli, Khim Bahadur Bhujel, Kumar Khadka, Anita Lungeli, Falindra Raj Ghale Magar, Yadav Kumar Rajguru, Rita Rai, Hom Prasad Acharya, Devi Pariyar, Ashok Pariyar, Keshav Bahadur Tamang, Matti Karma, Karna Bahadur Rokka.

**Bhaktapur:** Chandra Kumari Sunuwar, Bishal Danuwar.

**Lalitpur:** Ajay Mangrati, Swikriti Sejwal, Binaya Shakya, Anamika Gharti, Rojee Shakya, Kalam Gurung, Ashakaji Deula, Shyam Krishna Nepali, Ramita Deula, Amika Deula, Jyoti Poudel, Shanti Rai, Dhanmaya Rai Jonathan Pandey, Dharmendra Pandey, Keshav Koli, Sanam Rai, Priskilla Waiba Group's, Mira Gurung, Bina Gurung, Roshani Pariyar, Deuti Rasaili, Surya Maya Senchuri, Kumari Senchuri, Deepa Rana Magar, Bimala Galami, Chami Magar, *Laxmi Rai,* Ankita Rai, Sara Moktan, Parbati Tamang, Anuja Rai, Gita Pradhan, Apsara Rai, Sita Jyoti Pradhan, Manoj Shrestha, Balsari Rai, Sunita Basnet, Jeewan Kala Rai, Rajendra Ale, Poonam Shrestha, Manju Deula, Sunita Deula, Romila, Sanu Deula, Sunita Maharjan Deula, Man Kumari BK, Anand Pun, Manisha BK, Pabitra Pun, Roma Maharjan, Ashish Khadka, Yadav Kumar Rajguru, Rita Rai, Hom Prasad Acharya, Devi Pariyar, Ashok Pariyar, Keshav Bahadur Tamang, Matti Karma, Karna Bahadur Rokka, Maili Tamang, Nanimaya Balami, Shiva Kumari Thakuri Sunita Balami Bimala Sahai, Bir Shova Thapa, Chirnani Maharjan, Shanti Tamang, Sakun Subba, Januka Rai, Yona Thami, Chun Je U, Asmita Rai, Yubraj Rai, Manita Majhi, Ruth Rai, Saroj Magar, Suraj Majhi, Ashok Majhi, Sachindra Subba, Roshan Chettri, Martha Rai, Birsing Gole, Adhiraj Rai, Nar Bahadur Tamang, Dinesh Tamang, Indira Khatri, Laxmi Sunuwar, *Bijay Lama:* Seema Lama, Jyoti Poudel, Sara Poudel, Rak K Rai, Sabitri Rai: Bidhya Rajak, Mina Thapa, Kumari Ghale, Bhawani Thapa, Sabitri Rai.

**UAE:** Gyalena Rai, Machindra Tawa.

**Malaysia**: Group of Mekh Bahadur Gurung, Sekh Rai Rai, Deepak, Aaita Tamang, Keshar Singh, Salik Ram Bhusal, Amrit Bahadur Shrestha, Kasiraj Giri, Panta Bahadur, Chandra Patel, Tulman BK, Dilip Rai, Raj Kumar Pakhrin, Rit Devi Pun, Alina Rai, Sanjay Pariyar,Mohan Kumar Rai, Shiva Kumar Pun, Raj Kumar Pun, Sabita Nepali.

**Lamjung:** Bartaman Gurung, Thakur Gurung, Meena Gurung, Arati Gurung, Shusila Rana, Bajendra Gurung.

**Surkhet:** Basanti Bista, Sushma SUnar, Kabiraj Rawal, Shanti Sunar, Devi Chalese, Gita Khatri, Chandramaya Sunar, Bishnu Pokharel, GOma Sunar, Pushpa Giri, Lal Bahadur Tarami, Man Kumari Thapa, Sara Poudel, Raj

Kumar Rai. **Dhading:** Gita Baram, Pratima Nepali, Ram Maya Nepali , Ranjit Murya Shrestha, Depeeka Pariyar, Ranju Pariyar, Nalaman Tamang, Ramku Maya Tamang, Menuka Tamang, Namrata Tamang, Ghal Bahadur Tamang, Anos Tamang, Min Bahadur Tamang, Basanta Tamang, Selku Tamang Sum Bahadur Tamang. Chinya Rani Ghale, Pema Tamang: Sabina Ghale, Yangro Tamang, Alina Tamang, Makka Maya Tamang, Tarjom Tamang, Halka Maya Tamang, Lok Bahadur Tamang
**Kaski:** Lina Maya Magar, Rupa Praja, Manmaya Pun, Jamuna Pun, Susma Gurung, Mandira Pariyar, Man Bahadur Pun, Mil Maya Ghale, Tik Bahadur Purja, Bishnu Kumari Purja Pun: Nirmala Pun, Mery Pun, Bindu Kumari Pun, Sita Pun, Namuna Pun, Mina Nepali, Bishnu Kumar Aryal, Chiranjivi BK, Resh Bahadur Thapa, Kopila Thapa Magar, Dhan Bahadur Kami, Sajan Rai, Dharma Tamang, Mina Khati, Til Bahadur Giri, Durga Prasad Aryal, Rechal Ghimire, Hariram Ghimire, Anjana Sunar.
**Rolpa:** Bishnu Nepali, Bindu BK, Sandip BK, Devkala Nepali, Amrita Nepali, Jaisara BK, Pal Bahadur Nepali.
**Pyuthan:** Surya Bahadur Thedi Magar, Sher Bahadur Thapa, Devi Pun Magar, Jamuna Gharti Thedi Magar.
**India:** Ganga Thapa, David, Sundar Bahadur, Puja Sherpa, Poonam, Adriaan Los
**Tanahun:** Aita Thapa, Binda Ghale, Pabitra Ramdam, Bindu Ghimire, Khum Maya Thapa, Tej Kumar Thapa, Indra Bahadur Thapa, Prabin Thapa, Bruce Hayes: Local Donation
**Dharan:** Mani Gurung,
**Dang:** Yagya Bahadur K.C, Nim Bahadur Pun, Kamala Oli, Samjhana Pun, Lalita Pun, Iela Pun, Nabina Rokka.
**Makwanpur:** Maiya BK, Usha Kumari Rai, Hare Ram Gamal, Sharmila BK
**Manang:** Anita BK, Anita Rana Bhat, Jit Bahadur Budha Magar, Sun Maya Gurung, Shrijana BK, Sunil Gurung, Bimala Budha Magar

**(आशिषको थैलीद्वारा, मासिक, बार्षिक अथवा विभिन्न तरिकाले आइटीनलाई आर्थिकरुपमा सहायता गर्नहुने पाहुना, पास्टर, अगुवा अथवा आइटीन विद्यार्थीहरूलाई धन्यवाद छ। सहायता पुऱ्याउनुहुने व्यक्तिहरूको नाम राखिएको छ। कसैको डबल पनि पर्न सक्छ। आशिष्को थैलीमा नाम उल्लेख नगर्नेको नाम यहाँ राखिएको छैन। कसैको नाम उल्लेख गर्न भूल भएमा क्षमा प्राथी छौं, जानकारी गराउनुहोला। आगामी दिनहरूमा निरन्तर आर्थिक सहायता गर्नुहुनेछ भन्ने आशा र प्रार्थना गर्दछौं। धन्यवाद।)**

"रोजगारीको क्रममा आइटीन पढ्ने मौका मिल्यो। अध्ययनबाट वचनको महत्व र हाम्रो दैनिक जीवनमा मार्ग निर्देशनहरू स्पष्टसँग थाह पाउन सकें। भरपूर ज्योतिबाट बाइबलको बारेमा विस्तृत रूपमा जान्न पाउँदा धेरै खुसी लागेको छ। नेपालमा हुँदा यसरी अध्ययन गर्ने मौका पाइएन। भरपूर ज्योति अध्ययन गर्दा बाइबलमा भएका पुस्तकहरूको इतिहाससहित थाह भयो। बाइबलको बारेमा गहिरिएर सिक्ने मौका पाएँ। धेरै खुसी लागेको छ।"

-रत्ना थापा, पेकनानस, मलेसिया

## निराशामा उत्साह



हाल म कतारमा ब्यूटिसियनको रूपमा काम गर्दैछु। साथै चर्चमा पनि क्वायर र संगतिमा सेवा पुऱ्याउदैछु। म र मेरो श्रीमानसँगै बस्ने मौका पाएकाछौं। मलाई पहिले देखि नै परमेश्वरको वचनबाट गहिरो शिक्षा सिक्ने इच्छा थियो तर मौका पाइरहेको थिइन। कतारमा डिभाइन न्यू लाइफ चर्चमा आइटीन कोर्ष अध्ययनको लागि भर्ना हुने मौका पायौं। पाठ्यक्रम अध्ययनबाट सरल तरिकाले परमेश्वरको वचनको गहिरो ज्ञान पाउँदा खुसी छौं। प्रत्येक पाठमा पहिला पढ्नुपर्ने र लेख्नुपर्ने भएकोले मेरो लेख्ने क्षमता पनि आइटीनको कक्षाले बढाएको छ। विदेशको भूमिमा निराश भएर ड्यूटि गर्नु पर्ने हुन्छ। अध्ययन हुनथालेपिछ सरल तरिकाले महत्वपूर्ण विभिन्न विषयमा बाइबलबाट गहिरो र प्रष्ट रूपमा सिक्नलाई मद्दत पुगेको छ, जस्ले गर्दा आनन्द महशुस भएको छ। पद कण्ठ गर्न, लेख्न र अध्ययन गर्ने बानिको विकास भएको छ। यसको लागि परमेश्वरलाई र आइटीन परिवारलाई धन्यवाद।

- प्रियंका प्रसाई, हाल दोहा, कतार।

## मोरङ जाँतेमा रिफ्रेसर भेला



प्रभुको सन्देश मण्डली र इसाई प्रभुको मण्डलीमा आइटीन अध्ययनरत विद्यार्थीहरूको संयूक्त बैठक भएको थियो। बैठकपछि इसाई प्रभुको मण्डलीमा खिचिएको तस्वीर।



कैलाली- शान्ति चर्च, फूलबारीमा अध्ययनरत समूह। खेतीपाती, व्यवसाय र उच्च शिक्षा पढ्नेहरूको आइटीन अध्ययन धेरै प्रभावकारी भएको छ। सेवा संगतिमा परमेश्वरको वचनको ज्ञान हासिल गर्नुका साथै सेवा संगतिमा सक्रिय बनाएको छ।

# युवाहरूमा सेवाको निम्ति नयाँ जोश र आशा



लगनखेल चर्च अफ गडका युवाहरूको रिफ्रेसर संगति गोदावरी गार्डेनमा भएको थियो। धेरैजसो युवाहरू कलेजमा अध्ययनरतको साथै चर्चमा युवा संगतिमा सहयता गर्दै हुनुहुन्छ। युवाहरू अध्ययन, पेसाको साथै चर्चमा युवा संगतिमा पनि सक्रिय हुनुहुन्छ। धेरैजसो युवाहरूले आइटीन पाठ्यक्रमहरू अध्ययन गर्नुभएको छ। बाइबल अध्ययनले भाइ वहिनीहरूलाई निकै उत्साहित र परिपक्व बनाएको छ। आफ्नो इच्छा, रमाईलोभन्दा पनि साथीहरूलाई असल कुरा बताउनुको साथै युवाहरूको बीचमा संगति गर्न निकै उत्साहित भएको पाइयो। रिफ्रेसर संगतिमा सर्जु रिजालले वचनबाट उत्साह दिनुभएको थियो। संगतिको समयमा बाइबल अध्ययनबाट भएका उपलब्धिहरू पनि युवाहरूले बाँड्नु भएको थियो। युवा अवस्थामा धेरै चुनौतिलाई र अवसरहरु हुन्छन्। युवाहरूले चर्चको सेवालाई अवसरमा लिएको पाइयो।

## डिभाइन न्यू लाइफ चर्च



डिभाइन न्यू लाईफ चर्च दोहा, कतारमा आइटीनका पाठ्यक्रम अध्ययन हुँदै आएका छन्। अध्ययनकै क्रममा एउटा पाठ्यक्रम पूरा गरेपछि आइटीनबाट प्राप्त प्रमाणपत्र वितरण पछि खिचिएको तस्वीर हो। अध्ययरत विद्यार्थीहरू निकै उत्साहित हुनुको साथै सेवाको क्षेत्रमा पनि सक्रिय भएको कुरा डिभाइन न्यू लाईफ चर्चका पास्टर मनोहर उपाध्यायले बताउनुभयो। चर्चको लागि यो अति आवश्यक शिक्षा भएकोले अध्ययनलाई निरन्तरता दिने र आगामि दिनहरूमा नयाँहरूको लागि पनि चर्चले व्यवस्था गर्ने पास्टर उपाध्यायले जानकारी गराउनुभयो।

# येशूको जीवनीले राष्ट्रप्रेमि बनाएको छ



मैले उमेरको हिसाबले पनि बुढोपाको महसुस नगरी नयाँ जन्मेको बालक जस्तै महशुस गरेको छु। १ पत्रुस २:२ को खण्डबाट मलाई प्रेरणा मिल्यो। बाइबल सम्बन्धिको ज्ञान लिन मेरो मनमा उत्कट इच्छा जागेर आयो। न्यू मिसनरी बाइबल कलेज चावाहिलमा भर्ना हुने मौका पाएँ। सोही अवसरमा आइटीनको पाठ्यक्रमहरू भरपूर जीवन देखि ख्रीष्टको जीवनी भाग १ सम्म पाष्टर डेभिड आचार्यबाट धेरै बुझ्ने मौका पाएँ। आइटीनको शिक्षाले मेरो जीवनमा ठुलो परिवर्तन ल्याएको महशुस गरेको छु। बाइबल धर्मशास्त्रलाई राम्रोसँग बुझ्न सक्ने, सरल माध्यम भएकोले बाइबलमा भएका आज्ञाहरु, प्रतिज्ञाहरु बुझ्न सकें।

बाइबल परमेश्वरको वचन हो भन्ने सत्यताको प्रमाणहरू पाउँन सकें। येशूको जीवनी र येशूको सेवाकाइले प्रभाव पारेका क्षेत्रहरूले मेरो जीवनमा पनि ठूला शिक्षा मिलेको छ। समाजमा सेवा गर्नको लागि महत्वपूर्ण छ। आइटीनको शिक्षा पढेपछि विशेष गरि राष्ट्रप्रेमको भावना जागेर आएको छ, जसरी सुलेमान राजाको पालामा गरिबहरुको थिचोमिचो र अन्य पराई देवताहरुको पूजा गरे र गर्न लगाए, यसैकारण त्यहाँका मानिसहरुको मन पुरानो घरको चर्केको भित्ता जस्तै पापको कारण देश कमजोर हुँदै गयो र राज्य २ टुक्रा गरि विभाजित भयो। उत्तरी राज्य इस्राएलमा १० कुल र दक्षिणराज्यमा २ कुल आफ्नैभाइहरु एउटैभूमिमा जन्मेका दाजुभाइहरू विभाजित हुनुपर्यो। हामी इसाईहरू राष्ट्रप्रेमको भावना जगाई प्रार्थनासहित मिलाप र शान्तिमा राष्ट्र निर्माणमा अघि बढौं।

आइटीनले उत्पत्तीदेखि प्रकाशको पुस्तकसम्म छिचोलेर पढ्नको लागि ऐतिहासिक घट्नालाई प्रभावकारी र सरल प्रकारले बुझाएको छ। आत्मिक सत्यता आफुले बुझेर अरूलाई पनि बुझाउन सकेको छु। अहिले बाइबलका घट्नालाई राम्रोसँग बुझ्न मद्दत मिलेको छ। वचनमा भनिएका कुराहरू बुझ्न सकेपछि मात्रै हामी आत्मामा भरिन र विश्वासमा बलियो हुनसक्छौं। आइटीनको शिक्षाले एक एक खुड्किला गर्दै परमेश्वरको वचनको ज्ञानको उचाइमा पुऱ्याउन ठूलो मद्दत पुऱ्याएको छ। साथै यो शिक्षा समूहमा छलफल गरि पढ्ने भएको हुँदा अझ प्रमाभकारी ठानेको छु, किनकि घोकन्ते विद्याभन्दा व्यवहारिकतामा धेरै नै जोडदिएको छ।

-टेक घिमिरे कपन, बालुवाखानी काठमाडौं।

## रिसाउन छोडे

बाइबल पढ्नुभन्दा पहिला प्रार्थना गर्न र पद कण्ठ गर्ने बानिको विकास भएको छ। साथै अरुलाई क्षमा दिन र आफू पनि पश्चतापी हुने कुरा सिक्न सकें । साथै मण्डलीका विरामीहरुलाई भेट्न जाने, प्रार्थना गर्ने र सहायता पुर्याउनुपर्ने कुरा सिकें । रिसाउन पनि छोडें ।

-राजकुमारी मल्ल, क्वाइनोनिया चर्च, काठमाडौं।

# ...धरानमा दीक्षान्त समारोह

क्रमश...पेज नं. १ बाट

वितरण गरिएको थियो। समारोहमा एलोहिम चर्चबाटमात्रै १० वटा समूहबाट ५६ जनाले प्रमाणपत्र प्राप्त गर्नुभएको छ। सहायक पास्टर भिसन थापाको प्रार्थनाद्वारा समारोह सुरू भएको थियो। दीक्षान्त समारोहमा धरान पास्टर अगुवा संघका अध्यक्ष पास्टर मनी राईले बाइबलबाट नून र ज्योतिको महत्वलाई प्रकाश पार्दै ख्रीष्टियनहरूको प्रभाव समाजमा पर्नुपर्छ भन्दै उत्साहको वचन दिनुभएको थियो।



समारोहमा ८ जना शिक्षकहरू पास्टर मनी गुरूङ, पास्टर ध्रुब श्रेष्ठ, सहायक पास्टर भिषण थापा, एल्डर सन्जीप बान्तवा, क्वायर लिडर दिनेश दर्नाल, कोपिला लिम्बु, पञ्चकला राई, र बिनिता लिम्बुलाई आइटीनबाट ससम्मान प्रशंसा पत्र र उपहार धरान ब्रद्रेन एसेम्बलीका पास्टर साम जी जोनको हातबाट वितरण गरिएको थियो।

दीक्षितहरूको लागि पूर्वाञ्चल ख्रीष्टियन समाजका अध्यक्ष पास्टर कुबेर गुरूङले आशिष्‌को प्रार्थना गरिदिनुभएको थियो र सोही क्रममा दीक्षित विद्यार्थीहरूलाई पूर्वाञ्चल ख्रीष्टियन समाजको तर्फबाट वधाई तथा शुभकामना सन्देश पनि दिनुभएको थियो।

सर्जु रिजालले समारोहको अन्तमा उपस्थित पाहुनाहरू, विद्यार्थीहरू र कार्यक्रम आयोजना गर्नुहुने सबैलाई धन्यवाद दिनु भएको थियो। आइटीनको सेवा र प्रभावको बारेमा बताउदै मण्डलीभन्दा ठूलो संघ संस्था र व्यक्ति हुन नसक्ने भन्दै मण्डलीलाई बलियो बनाउन परमेश्वरको वचन अध्ययनलाई प्राथमिकता दिनुपर्ने कुरामा जोड दिनुभएको थियो।

एलोहिम चर्चका पास्टर मनी गुरूङले आशिष्‌को प्रार्थना गरी कार्यक्रमको अन्त्य भएको थियो। कार्यक्रम सञ्चालन पनि पास्टर मनि गुरूङले नै गर्नुभएको थियो। समारोहमा १० वटा समूहबाट १० जनाले आशिष् तथा अध्ययनबाट भएको फाइदा र व्यवहारिक कार्ययको बारेमा सबैलाई वताउनुभएको थियो। धरानमा सन् २००० देखि आइटीन पाठ्यक्रम अध्ययन हुन थालेका हुन्। दीक्षान्त समारोहमा सबैभन्दा सुरूमा अध्ययन हुँदै आएको धरान ब्रदरेन एसेम्बलीमा ९० प्रतिसतले अध्ययन गरिसक्नुभएको छ। ब्रद्रेन एसेम्बली इटहरी, चर्च अफ गड धरान, सियोन मेथोडिस्ट चर्च, अनुग्रह चर्च, बेतलेहम चर्चमा अध्ययनरत समूहहरू छन्।

# ख्रीष्टलाई भेटाउने ठाउँ मलेसिया पनि

-सर्जु रिजाल

नेपालीहरुको बैदेसिक रोजगारीको लागि रोजाइमा परेको देश मलेशिया प्रमुख मानिन्छ। वि सं २०६६ कार्तिकसम्मको तथ्यांक अनुसार सात लाख ७३ हजार ६४१ को संख्यामा सबैभन्दा बढि नेपालीहरू मलेसिया प्रस्थान गरेका छन्। मलेसियामा रोजगरी गर्नेहरूको अवस्था हेर्दा राम्रो काम गर्नेदेखि जोखिमपूर्ण काम गर्नेहरूमा नेपालीहरू पर्छन्। २० वर्षसम्म मलेसियामा वस्दै आएकाहरू पनि भेटिन्छन्। विलासिताको जीवन जिउने, कूलतमा फस्ने र घरपरिवार माया मारेर बस्नेहरूमा नेपालीहरू पनि गनिन्छन्। रोजगारीको लागि गएका थोरै संख्यामा रहेका येशू ख्रीष्टमा विश्वास गर्नेहरूलाई भने स्थानिय चर्चहरूले नेपाली संगतिको लागि राम्रो व्यवस्था गरिदिएको छ। नेपाली संगतिमा बाइबलको व्यवहारिक, उपयुक्त र लाभदायक शिक्षाा दिनेमा आइटीन प्रमुख मानिन्छ। मलेसियाको यसपटकको चार हप्ताको अवधिमा झण्डै सोह्र स्थानमा संगति गर्ने अवसर मिल्यो भने छ वटा स्थानहरूमा आइटीन शिक्षक तालिम पनि सम्पन्न भएका छन्। सबैभन्दा बढि नेपाली संगति भएको ठाउँ पनि मलेसिया नै हो। मलेसियाको विभिन्न ठाउँमा नेपाली संगतिमा आइटीन करिकुलम सञ्चालनमा आएका छन्। जसमध्ये जोहर क्षेत्रमा पास्टर भक्त योङहाङको संयोजकत्वमा शिक्षक तालिम र संगति गर्ने मौका मिलेको थियो। त्यसैगरी क्लाङ, के.एल, कजाङ, सुवाङ, मेलका आदि क्षेत्रहरुमा एम.एम.के. अन्तर्गत तालिमहरू र संगतिको आयोजना गरिएको थियो। सिस्टर रिना, मार्टीन, शमूएल र रूपकसंग समूहहरूसँगको भेटघाट तथा संगति गर्ने अवसर थियो। आइटीन अध्ययनबाट व्यवहारमा, जीवनशैलीमा परिवर्तन आउनुको साथै परिवारमा र मण्डलीमा समेत आशिष् पुगेको उदाहरणहरू प्रशस्त पाउन सकिन्छ। नेपालमा फर्केपछि पनि स्थानिय चर्चमा अध्ययन गराउन निकै उत्साहित भएका घटनाहरू पाउन सकिन्छ। साथै मलेसिया मै धेरैजसो व्यक्तिहरूले येशू ख्रीष्टमा विश्वास गरेको पनि पाइएको छ। भेघाट र संगतिको क्रममा सुनेको एउटा गवाही:

**विश्वासमा हुर्कन सहायता मिल्यो: नानु मगर, क्लाङ, मलेसिया।**



मलेसिया आएर नै प्रभुलाई पाउने मौका पाएँ। साथै आइटीन पढ्ने मौका मिल्यो। अध्ययनले परमेश्वरको वचनलाई व्यवहारिक रूपमा बुझ्न पाएँ। सरल तरिकाले गहिरो अध्ययन गर्ने सकें। हाजीरी जवाफ प्रतियोगितामा पनि म प्रथम हुने मौका पाएँ।



कजाङमा नेपाली संगतिमा आइटीन पाठ्यक्रमहरू अध्ययनरतको तस्वीर। साथमा मार्टीन र रीना भिक्टोर।

## हार्दिक वधाई !

**सन २०१६ अप्रिलदेखि २०१७ फेब्रुअरीसम्म भरपूर जीवन, भरपूर ज्योति र ख्रीष्टको जीवनी-१ सम्म पुरा गरेका निम्न व्यक्तिहरूले एन इन्ट्रोडक्सन टु बिब्लिकल स्टडीज को प्रमाण पत्र पाउन सफल हुभुभएकोमा हार्दिक बधाई**

**काठमाडौं** - एस्तर दंगाल, गिता थापा, रामशिला तामाङ्, अञ्जु लामा, पुष्पा सुनवार, सुदा क्षेत्री, तारा नगरकोटी, चन्द्रकुमारी राई, चित्र कुमारी राई, राधिका महर्जन, मिना श्रेष्ट, हिरामाया लामा, जोनाथन गिरि, निर्मला तामाङ्ग, कमला मगर, महालक्ष्मी महर्जन, ज्ञानु कोइराला, मदन शाही, मिना शाही, दुर्गा शाही, नानीहिरा महर्जन, लक्ष्मी महर्जन, कमला तारा बज्राचार्य, चन्द्रलक्ष्मी महर्जन, रुपा कपाली, पवित्रा दुलाल, कुमारी श्रेष्ठ, यादब कुमार राजगुरु, शोभा शर्मा, देवकी तामाङ्, केशब बहादुर तामाङ्, अशोक परियार, देवी परिवार, होम प्रसाद आचार्य, कर्ण बहादुर रोक्का, माइली लामा, सिमोन भण्डारी, मत्ती कर्मा, विनोद खड्का, रामकृष्ण थापा, लक्ष्मी श्रेष्ठ, कृष्णकुमारी वाग्ले, राम गमाल, मोहन गमाल, श्याम कृष्ण नेपाली, रमिता देउला, अमिका देउला, आशाकाजी देउला, सुजन परियार, ईशा तोलाङ्गे, तारा शाही, राजु प्रजा, मर्कुस प्रजा, सुनिता तामाङ्, टेक बहादुर घिमिरे, माया विक, दिल बहादुर चौधरी, नरेश थारु, पुजा सुनुवार, कमल बिक, विनिता नेपाली, तिर्थराज प्रजा, दिप तामाङ्, उर्मिला रम्तेल, सुस्मा सुन्चौरी।

**ललितपुरः** मञ्जु देउला, सानु देउला, रमिला देउला, सुनिता देउला, सुनिता देउला (महर्जन), शिव कुमार ठकुरी, सुनीता बलामी, नानीमाया बलामी, शान्ति तामाङ्ग, चुन जे ऊ, सालुम सुब्बा, जानुका राई, योना थामी।

**सुर्खेतः** मन बहादुर बुढा मगर, रुद्र बहादुर सिर्पाली, सहबिर दर्लामी मगर, बिजय सिञ्जाली मगर, मन बहादुर बिक, कर्ण बहादुर मन्दिर मगर, दुर्ग बहादुर फौजा मगर, घनस्याम सारु मगर।

**यू के :** लक्ष्मी लिम्बु, पुनम लिम्बु, सुनिता थापा, मेख थापा, युवराज आङबुहाङ, जमुना राई, प्रमोशन रोका मगर, मन्जु रोका मगर, माईक फ्रान्सीस, हेलेन फ्रान्सीस।

**धरान :** तोर्ण बहादुर लिम्बु, दिपक राई।

**यू ए इ :** चोलाकान्त राना, समीर पुरी, अन्तराम चौधरी।

**नवलपरासी :** मना नेपाली, बिमल दरै, निर्मला राई, सुरेखा राई, सविता राई, मनमाया परियार, निर्मला कुमाल, कमला कुमाल, दिपक राई।

## नेइम गोंगबुमा अन्तिम परीक्षामा सहभागी हुँदै



नेपाली इसाई मण्डली गोंगबुमा आमा तथा दिदीवहिनी संगतिको समूह अन्तिम परीक्षामा सहभागी हुँदै गरेको तस्वीर। गोंगबुमा अध्ययनरत दिदीवहिनीहरू अध्ययनबाट धेरै ज्ञान हासिल गर्नुका साथै व्यवहारिक पनि भएका छन्। सेवा संगतिहरूमा निकै सक्रियता बढेको छ। संयोजक निर्मला ढुंगेलका अनुसार अध्ययन निकै प्रभावकारी भएको छ।

## पिछडिएको समुदायमा सेवा गर्ने इच्छा

न्यूमिसनरी बाइबल स्कुल काठण्डौमा अध्ययन गर्ने सिलसिलामा भरपूर जीवन देखि ख्रीष्टको जिवनी-१ सम्म आइटीन करिकुलम पढ्ने अवसर पाएँ। धेरै असल कुरा र व्यवहारीक कुरा सिक्ने मौका मिल्यो। मेरो आफनै जीवनमा सुधार पाएको छु। बाइबल अध्ययन गर्ने बानी बसालेको छु, पद कण्ठ गर्ने र प्रार्थना गर्ने बानी बसेको छ। ख्रीष्टको जीवनीबाट येशूको जन्म, सेवाकाइ र सेवाकाइमा प्रभाव पारेका क्षेत्रको बारेमा जान्न पाएँ। अध्ययनपछि आइटीन धेरै नै महत्वपूर्ण रुपमा लिएको छु। धेरै पिछडिएका समुदायहरूमा सेवा गर्ने इच्छा जागेको छ। जहाँ धेरै पिडित अथवा अवसर नपाएका र धेरै शिक्षा हासिल गर्ने अवसर नपाएका समुदायका मानिसहरूका बीचमा सेवा गर्ने प्रेरणा पाएको छु। मैले आइटीनबाट परमेश्वरको बारेमा समाजको सेवा गर्ने जे कुरा सिकेको छु, त्यहाँ सिकाउन चाहन्छु।

**-नरेश थारू, कालिका-४ जुक्तिनगर, बर्दिया।**

## बाइबल पढ्न मन लाग्दैनथ्यो

अध्ययन गर्नभन्दा पहिला बाइबलका पदहरू बुझ्न निकै गाह्रो हुन्थ्यो। पढ्दा केही नबुझेको कारण अध्ययन गर्न मन नै लाग्दैनथ्यो। प्रार्थना गर्न पनि आउदैन्थ्यो। संगतिमा जानेबेलामा मनमा हिच्किचावट हुन्थ्यो। चर्चका पास्टर अगुवाहरूको सहायताले मैले चर्चमै आइटीन अध्ययन गर्ने मौका पाएँ। अध्ययन गर्दै जाँदा बाइबलका पदहरूलाई रहस्यमय तरिकाले बुझ्न थालेको छु। प्रार्थना गर्न, पश्चताप गर्न, परमेश्वरसँग माग्ने तरिका बुझें। घरेलु संगतिमा पनि बुझ्न र बुझाउन निकै सजिलो भएको छ। घर घरै बाइबल कलेजले मेरो जीवनमा परिवर्तन ल्याएको छ।

**-राम बहादुर राना, बेथेल चर्च, सुर्खेत।**

नयाँ पाठ्यक्रम ITEEN

## किशोर जीवनका चुनौतिहरु

किशोर किशोरीहरुको लागि आवश्यक पाठचक्रम।

- अध्ययन गरिसकेपछि किशोर किशोरीहरूले आफ्नो ख्रीष्टियन जीवनको बाटो पहिल्याउन सहायता गर्ने रोचक र प्रेरणादायी पाठचक्रम हो।
- म येशूमा को हुँ, आफ्नो पहिचान, दुष्ट र दुष्टताको समस्या, चुनौती, सँगत र दृश्य माध्यमहरु, द्वन्दात्मक आकाँक्षाहरु आदि विषयहरूमा संलग्न पाठ्यक्रम तयार भएको छ।
- चर्चमा किशोर किशोरीको यो पाठ्यक्रम प्रयोग गर्न सक्नहुनेछ।

# मलेसियामा आइटीन वृहत रूपमा



एफजीए नेपाली संगति, कजाङ मलेसियामा आइटीन पाठ्यक्रम अध्ययन गर्दैगरेको तस्वीर। नेपाली संगति कजाङमा छुट्टाछुट्टै समूहमा आइटीन पाठ्यक्रमहरू अध्ययन हुँदैछन्। अध्ययनले नेपाली संगतिमा निकै प्रभावकारी भएको छ। समूहका शिक्षक जोन गुरूङको भनाइ अनुसार, “FGA नेपाली संगती कजाङ, मलेसियामा सन २०१५ बाट १० जनाको सहभागीमा ITEEN पाठ्यक्रम “भरपुर जीवन” पढाइ सुरु भएको हो। अध्ययनरतहरू सेवा संगतिप्रति समर्पित छन्। FGA मण्डलीमा निम्न कुरामा परिवर्तन आएको छ: १. हातमा सधै मोबाइल मात्र खेलेर बस्नेहरूको हातमा अब आइटीनको पुस्तक देखिन्छ। २. बाइबलका पदहरु कण्ठ गर्न तल्लिन भएको देखिन्छन्।
३. मिसन हाउस प्राय खाली हुन्थ्यो, अब शनिबार साँझ देखिनै आइटीनका विद्यार्थीले भरिन थालेको छ। ४. बाइबल पढ्नमा उत्साहित र बचन प्रचारमा आमुल परिबर्तन देखिएको छ।” कजाङ संगतिमा अध्ययन निकै व्यवस्थित तरिकाले भैरहेको छ। मलेसियाको विभिन्न स्थानहरूमा आइटीन अध्ययनरत समूहरूको तस्वीर: +













विभिन्न स्थानहरूमा भएका संगति र आइटीन भेलापछिका तस्वीरहरू।

# चितलाङमा दीक्षान्त समारोह

मकवानपुर- क्वाइनोनिया चितलाङ ख्रीष्टिय मण्डली, मकवानपुरमा आइटीन दीक्षान्त समारोह २०७३ चैत्र २४ गते सम्पन्न भएको छ। एकवर्ष अगाडिदेखि आइटीन करिकुलम ख्रीष्टको जीवनी १, २ र ३ अध्ययन हुँदै आएका छन्। भरपूर जीवन, भरपूर ज्योति र ख्रीष्टको जीवनी १ सम्म अध्ययन पुरा गरेका १३ जना विद्यार्थीहरूलाई दीक्षान्त समारोहमा आइटीनका निर्देशक टंक सुबेदीको हातबाट "**एन इन्ट्रोडक्सन टु बिब्लिकल स्टडीज**" को



प्रमाण पत्र र उपहार वितरण गरिएको छ। सोही अवसरमा पास्टर एन डी लामाले वचनबाट उत्साह दिनुभएको थियो। सभारोहमा दीक्षितहरूले अध्ययनबाट पाएको आशिष् पनि बाँड्नुभएको थियो।

विद्यार्थीहरुका अनुसार, “बाइबल पहिलेदेखि पढ्दै आएको भएतापनि नियालेर अध्ययन गर्ने र व्यवहारमा लगाउने तरिका सिक्नुको साथै, सुसमाचार, प्रचार गर्ने र परमेश्वरको वचन अनुसार जिउने तरिका सिकेकोमा धेरै खुसी भएको बताउनुभएको थियो। घरमै आफैले सरल तरिकाले बाइबलले भनेको वचन स्पष्टसँग बुझ्न सकेकोमा निकै हर्षित भएका छन्।”

अध्ययनबाट भएको आशिष् बाँड्ने क्रममा उषा राई बताउनुहुन्छ, “घरमै बसेर सिकेको कुरा भेलामा बसेर साथीहरूसँग छलफल गरेर सिक्ने मौका पायौं, नक्सा हेर्न सिक्यौ र बुझ्न सकेका छौं। मत्तीको पुस्तक क्रमसै गहिरीएर अध्ययन गर्ने मौका मिलेको छ। अध्ययनबाट मेरो जीवन परवर्तन भएको छ। बाइबल पढ्न मन नलाग्ने र पढेपनि केहि बुझिदैन थियो। आइटीन पढदैजाँदा मेरो जीवनमा धेरै आशिष् मिलेको छ।”

दीक्षितहरूको लागि आशिष्को प्रार्थना पास्टर टंक सुबेदीले गर्नुभएको थियो। सोही क्रममा आफू मण्डली विकासको सेवामा समर्पित भएको कुरा बताउँदै आफ्नो मनतव्य पनि राख्नु भएको थियो। अध्ययनले सेवा संगतिहरूमा विस्वासीहरू उत्साहका साथ सहभागि हुनुको साथै सेवा गर्न समर्पित भएका छन्।